International Research Journal of Parroha
Volume 03, Issue 01, 2024. pp. 71–77
Research Article
https://doi.org/10.61916/prmn.2024.v03i01.008

# पर्यावरणीय चिन्तनका दृष्टिले पागल-बस्ती उपन्यास

**जगतमणि सोती**
उप प्राध्यापक विश्वेस्वर प्रसाद कोइराला संस्कृत विद्यापीठ, नेचासल्यान–२ सोलुखुम्बु, नेपाल

**Abstract (लेखसार)**

प्रस्तुत लेख पर्यावरणीय चिन्तनका दृष्टिले पागल–बस्ती उपन्यासको सङ्क्षिप्त अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । 'पागल–बस्ती' उपन्यासका लेखक सरूभक्त श्रेष्ठ हुन् । यो उपन्यास स्वैरकाल्पनिक विषयवस्तुमा आधारित रहेको छ । नेपाली साहित्य समालोचनाको क्षेत्रमा प्रचलित विभिन्न मान्यताहरू मध्ये पर्यावरणीय साहित्य सिद्धान्त पनि एक हो । प्रकृतिकेन्द्री यस समालोचनालाई अन्तर्विषयक समालोचना प्रणाली पनि भनिन्छ । पागल–बस्ती उपन्यासलाई पर्यावरणीय साहित्य सिद्धान्तका आधारमा मूल्याङ्कन गर्दा यसभित्र प्रशस्त मात्रामा पर्यावरणीय पक्षहरू समेटिएका छन् । पागल–बस्ती भित्रको काल्पनिक संसार नै यस उपन्यासको मुख्य पर्यावरणीय क्षेत्र हो । यस उपन्यासमा प्रतीकात्मक रूपमा सामाजिक, सांस्कृतिक परम्पराजन्य व्यवहार एवम् मानवीय भावना र प्राकृतिक परिवेशको चित्रण गरिएको छ । वैचारिक मतभेद, दार्शनिक चिन्तन, पारिस्थितिक नारीवाद, उच्च मानवीय सम्बन्ध र प्रँकृतिक सौन्दर्यको आदर्श प्रतिबिम्बलाई पनि यस उपन्यासमा समेटिएको पाइन्छ । पोखरा आसपासको प्राकृतिक परिवेशलाई मुख्य आधार बनाएर लेखिएको यस उपन्यासमा वैचारिक द्वन्द्व तथा उच्च बौद्धिक मानवीय भावना प्रस्तुत गरिएको छ । काल्पनिक संसारको रूपमा पागल–बस्तीको सिर्जना गरी त्यस मार्फत् आदर्श मानव समाज निर्माणको चाहना प्रकट गरिएको छ । स्वैरकाल्पनिक यथार्थको माध्यमबाट सामाजिक सांस्कृतिक रूपान्तरण गरी सभ्य र विकसित राष्ट्रको निर्माणमा जोड दिनु नै यस उपन्यासको मुख्य उद्देश्य हो । अतः पर्यावरणीय महत्त्वका दृष्टिले यो उपन्यास उपयुक्त खालको रहेको छ ।

शब्दकुञ्जी : पर्यावरण, स्वैरकल्पना, दार्शनिकता, मानवीय सम्बन्ध

**Article Info.**

*Corresponding Author*
Jagatmani Soti

*Email*
sotijagatmani@gmail.com

*Article History*
Received: 20 Aug. 2024
First Revised: 28 Aug. 2024
Second Revised: 18 Sept. 2024
Accepted: 28 Sept. 2024

*Cite*
Soti, J. (2024). पर्यावरणीय चिन्तनका दृष्टिले पागल–बस्ती उपन्यास. *International Research Journal of Parroha (IRJP)*, *3*(1), 71–77. https://doi.org/10.5281/zenodo.13994531

## विषय परिचय

पर्यावरणीय समालोचना प्रकृतिलाई केन्द्रमा राखेर गरिने नवीन समालोचना प्रणाली हो । यसलाई बहुलवादी समालोचना पनि भनिन्छ । यसअन्तर्गत पर्यावरणीय महत्त्व, प्राकृतिक पर्यावरण, दार्शनिक चिन्तन, पारिस्थितिक नारीवाद, सामाजिक सांस्कृतिक पर्यावरण तथा मानवीय सम्बन्ध र पर्यावरणीय सचेतता जस्ता कुराहरू पर्दछन् । पागल–बस्ती सरूभक्तद्वारा लिखित दार्शनिक आदर्शमा केन्द्रित उपन्यास हो । यसको प्रकाशन वि.सं. २०४८ मा भएको हो । मदन पुरस्कार प्राप्त गर्न सफल यस उपन्यासमा प्राकृतिक चिन्तन र मिथकीय बिम्बको समेत प्रयोग गरिएको छ । पोखरा आसपासको प्राकृतिक परिवेशलाई मुख्य आधार बनाएर लेखिएको यस उपन्यासमा वैचारिक द्वन्द्व तथा उच्च बौद्धिक मानवीय भावना प्रस्तुत गरिएको छ । काल्पनिक संसारको रूपमा पागल–बस्तीको सिर्जना गरी त्यस मार्फत् आदर्श मानव समाज निर्माणको चाहना प्रकट गरिएको छ । नारीलाई जननीका रूपमा उच्च सम्मान प्रकट गरिएको यो उपन्यास पर्यावरणीय दृष्टिले उपयुक्त खालको छ । प्रकृतिमाथिको मानवीय दोहनको नियन्त्रण र सचेतनामा केन्द्रित पर्यावरणीय समालोचना उत्तरआधुनिक युगमा विकसित अन्तर्विषयक तथा प्रकृतिमैत्री समालोचना पद्धति हो । यसमा कुनै पनि साहित्यिक कृतिलाई प्रकृतिको केन्द्रमा राखेर अध्ययन विश्लेषण गरिन्छ । पागल–बस्ती उपन्यासमा स्वच्छ, सुन्दर र हराभरा प्रकृति निर्माणको चाहना व्यक्त गरिएको छ । यस आधारमा विश्लेषण गर्दा उपन्यासकार सरूभक्त पर्यावरणीय सन्तुलन कायम गर्ने दिशामा सचेत

CC BY NC

रहेको देखिन्छ। अतः यस अध्ययनमा सरूभक्तद्वारा लिखित पागल–बस्ती उपन्यासमा प्रयुक्त पर्यावरणीय सौन्दर्य चेतना एवम् महत्त्वका विषयमा चर्चा गरिएको छ।

## समस्याकथन

प्रस्तुत अध्ययन उपन्यासकार सरूभक्त श्रेष्ठद्वारा लिखित पागल–बस्ती उपन्यासमा प्रयुक्त पर्यावरणीय सौन्दर्य र महत्त्वको पहिचान कसरी गर्न सकिन्छ भन्ने समस्यामा केन्द्रित रहेको छ। उक्त समस्यालाई निम्नलिखित प्रश्नहरूबाट थप स्पष्ट पारिएको छ :

क) पागल बस्ती उपन्यासमा कस्तो प्राकृतिक वातावरणको प्रयोग गरिएको छ ?

ख) पागल बस्ती उपन्यासमा दार्शनिक चिन्तनलाई कसरी प्रस्तुत गरिएको छ ?

ग) पागल बस्ती उपन्यासमा कस्तो सांकृतिक पर्यावरणको प्रयोग गरिएको छ ?

घ) पागल बस्ती उपन्यासमा मानवीय सम्बन्धलाई कसरी प्रस्तुत गरिएको छ ?

## अध्ययनको उद्देश्य

पर्यावरणीय महत्त्वका दृष्टिले पागलबस्ती उपन्यासको अध्ययन विश्लेषणमा केन्द्रित यस लेखको उद्देश्य पागल बस्ती उपन्यासमा प्रस्तुत प्राकृतिक वातावरणको पहिचान गर्ने, दार्शनिक चिन्तनको पहिचान गर्ने, सांस्कृतिक पर्यावरणको पहिचान गर्ने र मानवीय सम्बन्धको पहिचान गर्नु रहेको छ।

## अध्ययनको औचित्य

सरूभक्त श्रेष्ठ पर्यावरण सचेत उपन्यासकार हुन् । उनका उपन्यासमा स्वैरकाल्पनिक दृष्टिकोण तथा दार्शनिक चिन्तनको गहिरो प्रभाव रहेको देखिन्छ । उनका विभिन्न उपन्यासहरू मध्ये पागल बस्ती पनि एक हो। यस उपन्यासमा पोखरा आसपासको क्षेत्रलाई काल्पनिक परिवेशका रूपमा चित्रण गरिएको छ । यस उपन्यासलाई नेपाली साहित्यमा प्रचलित विभिन्न सिद्धान्तको आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ । प्रस्तुत लेख पर्यावरणीय महत्वका दृष्टिले पागल बस्ती उपन्यासको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ। अत : भविष्यमा पर्यावरणीय साहित्य चिन्तनको आधारमा कृतिको विश्लेषण गर्न चाहने अध्येताहरूको लागि यो लेख उपयोगी रहेको छ।

## अध्ययनको सीमाङ्कन

पागल–बस्ती उपन्यास सरूभक्त श्रेष्ठद्वारा लेखिएको हो। उस उपन्यासमा उच्च स्वैर काल्पनिक विषयको प्रयोग गरिएको छ । उनको उक्त उपन्यासलाई नेपाली साहित्य समालोचनको क्षेत्रमा प्रचलित विभिन्न सैद्धान्तिक मूल्य मान्यताको आधारमा अध्ययन विश्लेषण गर्न सकिन्छ । प्रस्तुत लेख पर्यावरणीय महत्त्वका दृष्टिले पागल–बस्ती उपन्यासको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ। यस अध्ययनलाई खासगरी पर्यावरणीय साहित्य सिद्धान्तको कृति विश्लेषणका आधारहरू प्राकृतिक पर्यावरण, सांस्कृतिक पर्यावरण, दार्शनिक पर्यावरण तथा मानवीय सम्बन्ध र सचेतनाको पहिचानमा सीमित गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत लेख पर्यावरणीय महत्त्वका दृष्टिले पागल बस्ती उपन्यासको अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । यस लेखमा खासगरी पुस्तकालयीय अध्ययन विधिको माध्यमबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ । त्यसक्रममा उपन्यासकार सरूभक्त श्रेष्ठद्वारा लिखित पागल–बस्ती उपन्यासलाई प्राथमिक स्रोत सामग्रीका रूपमा राखेर अध्ययन गरिएको छ भने पर्यावरणीय समालोचना सिद्धान्तसँग सम्बन्धित कुराहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ। निगमनात्मक पद्धतिको प्रयोग गरिएको यस अध्ययनमा वर्णनात्मक एवं विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा मूलतः प्राकृतिक पर्यावरण, दार्शनिक चिन्तन, सामाजिक–सांस्कृतिक पर्यावरण तथा उच्च मानवीय सम्बन्ध र पर्यावरणीय सचेतनाजस्ता कुराहरूलाई सामग्री विश्लेषणको आधार मानिएको छ।

## सैद्धान्तिक स्वरूप

पर्यावरणीय समालोचना उत्तरआधुनिक युगमा विकसित कृति विश्लेषणको एउटा महत्त्वपूर्ण आधार हो । यसले प्रकृतिलाई केन्द्रमा राखेर कृतिको विश्लेषण गर्दछ। पाश्चात्य समालोचना परम्परामा सन् १९८९ देखि विकसित भएको यस साहित्य सिद्धान्तको प्रारम्भकर्ता चेरिल ग्लोटफेल्टी हुन्। साहित्यिक कृतिमा प्रकृतिको अङ्कनलाई पर्यावरणीय समालोचनाले महत्त्वका साथ उठाउने गर्दछ (ग्लोटफेल्टी, १९९६, पृ. xxxi) । पर्यावरण भनेको पारि स्थितिक पद्धति अन्तर्गत आउने जैविक प्रक्रियाहरूको समष्टी रूप हो । यो मानवीय आचरण र व्यवहारसँग

सम्बन्धित छ (पोखरेल, २०७२, पृ. १७) । मानिसलाई जीवन यापनको लागि प्रकृति प्रदत्त जमिन, जल, जङ्गल र वायुको उपयोग अत्यावश्यक छ। मानिसको सामाजिक एवं सांस्कृतिक वातावरण निर्माणमा यी चार कुराहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। अतः मानवीय व्यवहार संचालनमा पूर्ण रूपमा पर्यावरण जिम्मेवार छ (गेराड, २००४, पृ. ९) । यसबाट पर्यावरणीय समालोचनाको क्षेत्र निकै फराकिलो रहेको कुरा स्पष्ट हुन्छ।

साहित्य र भौतिक वातावरणका बीचको सम्बन्धको खोजी गर्ने नवीन पद्धति नै पर्यावरणीय सालोचना हो । जसरी नारीवादी समालोचनाले साहित्यिक कृतिमा लैङ्गिक सचेतताको खोजी गर्छ, मार्क्सवादी समालोचनाले वर्गीयताको खोजी गर्छ, त्यसरी नै पर्यावरणीय समालोचनाले साहित्यिक अध्ययनमा वातावरणीय महत्त्व र प्राकृतिक सन्तुलनको खोजी गर्दछ (ग्लोटफेल्टी, १९९६, पृ. हख) । पर्यावरणीय समालोचनाले लेखकको पर्यावरणीय सचेतताको समेत पहिचान गर्दछ। यसले कृतिले पाठकमा पार्ने प्रभाव, पर्यावरणीय सन्तुलनमा कृतिले खेल्ने भूमिका, मानवीय सम्बन्ध र प्रकृति संरक्षणका विषयमा राज्यसत्ताको धारणा एवं राजनीतिक प्रतिबद्धताका लागि जनतालाई सचेत पार्ने काम गर्दछ (भट्टराई, २०७०, पृ. ८१) । पर्यावरणीय समालोचनालाई परिवृत्तीय समालोचना, वातावरणवादी समीक्षा, हरित साहित्य, पर्यावरणीय काव्यशास्त्र, पर्यावरणीय साहित्य अध्ययन जस्ता नामबाट पनि चिनाउन सकिन्छ (एटम, २०६८: ३११)। पर्यावरण प्राकृतिक र कृत्रिम दुवै खालको हुन्छ । पर्यावरणीय समालोचनाले कृत्रिम वातावरणको नभई प्राकृतिक वातावरणको अध्ययनमा जोड दिन्छ। अतः यही प्रकृति प्रदत्त वातावरणको विषयमा अध्ययन गर्ने गहन विषय नै पर्यावरणीय समालोचना हो (कुप, २०००, पृ. ४)। पर्यावरणअन्तर्गत डाँडाकाँडा, समतल मैदान, लेक, हिमाल आदि भौगोलिक घटक, चिसोतातो, हुस्सू कुहिरो तुँवालो आदि जलवायु र लतावृक्ष, जीवजन्तु, जनावर, चराचुरूङ्गी, कीटपतङ्ग लगायत स्थावर, जंगम, जलचर, थलचर, उभयचर र नभचर सबै पर्दछन् (गौतम, २०६४: २४६) । पर्यावरणीय समालोचनाले जल, जमिन, वायु र जङ्गल तथा सम्पूर्ण प्राणी र जीवको अस्तित्त्व संरक्षणमा ध्यान दिनुपर्दछ भन्ने मान्यता प्रस्तुत गर्दछ । अतः यही मान्यताको आधारमा निर्मित भएको संस्कृतिको अध्ययन पर्यावरणीय समालोचनाले गर्दछ । पर्यावरणबाटै निर्देशित, अनुप्राणित र दिग्दर्शित सम्पूर्ण मानव सभ्यताको अङ्कन कुनै पनि साहित्यिक कृतिमा के कसरी गरिएको छ भनी खोजी गर्ने काम पर्यावरणीय समालोचनाले गर्दछ (भट्टराई, २०६८: ६६)।

खासगरी आधुनिक युगको प्रारम्भसँगै सुरू भएको औद्योगिकरण, विश्वव्यापीकरण, बजारीकरण आदिसँगै प्रकृतिको विनाश हुँदै गएकाले पर्यावरणीय सङ्कट उत्पन्न भएको हो । उक्त सङ्कट समाधान गर्ने क्रममा वातावरणीय विज्ञहरूबाट सुरू भएको अवधारणा नै पर्यावरणीय समालोचना हो (केरिज, २००६, पृ. ५३१) । आधुनिक सभ्यताका नाममा मानवबाट भएका प्रकृति विरोधी मानवीय क्रियाकलापको विरोध गरी प्रकृतिलाई पुनः हराभरा र स्वच्छ बनाउने प्रयत्न साहित्यिक माध्यमबाट समेत गरिनु पर्दछ भन्ने दृष्टिकोण पर्यावरणीय समालोचनाले प्रस्तुत गर्दछ (बुएल, १९९५ , पृ. १२९) । पर्यावरणीय समालोचनाले कृति विश्लेषणका क्रममा कृति पर्यावरण मैत्री छ कि छैन भन्ने कुराको अध्ययन गर्दछ । यसमा प्राकृतिक विज्ञान, वातावरणीय अध्ययन, सांस्कृतिक अध्ययन र सामाजिक अध्ययनलाई पनि यथास्थान उपयोग गरिन्छ । कृतिमा प्राकृतिक विषयलाई प्राथमिकता दिएर लेखिएको साहित्यलाई पर्यावरणीय महत्त्वको साहित्य भनिन्छ। प्रकृतिसँग मात्र सम्बन्धित पर्यावरणलाई प्राकृतिक पर्यावरण भनिन्छ। विचार र दर्शनको माध्यमबाट प्राकृतिक पक्षमा वा आदर्शमा जोड दिने पर्यावरणलाई दार्शनिक चिन्तन भनिन्छ । हाम्रा सामाजिक सांस्कृतिक चिन्तन र व्यवहार एवम् मानवीय सम्बन्ध र प्राकृतिक सचेतता पनि पर्यावरणीय अध्ययनका क्षेत्रअन्तर्गत पर्दछन् । अतः यस अध्ययनमा पर्यावरणीय चिन्तनको आलोकमा केन्द्रित रहेर सरूभक्तद्वारा लिखित पागल-बस्ती उपन्यासको विश्लेषण गरिएको छ।

**पर्यावरणीय महत्त्वका दृष्टिले पागल-बस्ती उपन्यास**

पागल-बस्ती (२०४८) सरूभक्त श्रेष्ठद्वारा लिखित स्वैरकाल्पनिक विषयवस्तुमा आधारित उपन्यास हो। यस उपन्यासमा उपन्यासकारले काल्पनिक बस्तीको रूपमा पागल-बस्तीको चर्चा गरेका छन् । पागल-बस्तीलाई उपन्यासमा भद्रगोल बस्तीका रूपमा नभएर सभ्य, शिक्षित, व्यवस्थित र वैज्ञानिक बस्तीका रूपमा चित्रण गरिएको छ। आधुनिक वैज्ञानिक समाजमा बढ्दै गएको विकृति, विसङ्गति, भ्रष्ट्राचार, अन्याय, अत्याचार, शोषण, दमन र अमानवीय भावनाको अन्त्य गरी शान्ति, आनन्द,

मैत्रीपूर्ण, सभ्य र विकसित दार्शनिक समाजको निर्माण गर्ने चाहना अनुरूप यस उपन्यासको परिकल्पना गरिएको हो। यसमा सामाजिक, सांस्कृतिक, आर्थिक, लैङ्गिक र मानवीय भावनालाई उच्च महत्त्वका साथ समेटिएको छ। पर्यावरणमैत्री भाषिक प्रयोग, लैङ्गिक समता र लेखकीय सचेतताका हिसाबले समेत उपन्यास उपयुक्त खालको छ । अतः यस अध्ययनमा खासगरी उपन्यासकार सरूभक्त श्रेष्ठद्वारा लिखित पागल–बस्ती उपन्यासलाई पर्यावरणीय साहित्य समालोचना सिद्धान्तका विभिन्न उपकरणहरूको आधारमा संक्षिप्त अध्ययन विश्लेषण गरिएको छ।

**पागल बस्ती उपन्यासमा प्राकृतिक पर्यावरण**

पागल–बस्ती उपन्यासमा उपन्यासकार श्रेष्ठले पोखरा आसपासको प्राकृतिक परिवेश तथा पर्यावरणीय सौन्दर्य र त्यसको मानसिक प्रभावलाई उच्च महत्त्वका साथ प्रस्तुत गरेका छन्। त्यसक्रममा सामाजिक, आर्थिक र पर्यटकीय सन्दर्भको समेत चर्चा गरिएको छ :

> नौडाँडाको खुला परिवेश, घमाइलो दिन ढल्कँदै गर्दा खेरिको मनमोहक पर्यावरण, पर्यटनका हिसाबले खोलिएका प्रायजसो रेस्तोराहरू, विदेशी पर्यटकहरू, अस्थायी क्युरियो पसलहरू, भारी लादिइरहेका खच्चरहरू, गधाहरू अनि बाटो छेकेर खेलिरहेका बालबालिकाहरू एउटा कोलाज चित्रको रूपरेखा जस्तो देखिन्छ, आँखामा सीमा सीमासम्म (पागल बस्ती, पृ. ३)।

यस साक्ष्यमा पोखरा नजिकैको रमणीय स्थान नौडाँडाको खुला, शान्त र रमणीय प्राकृतिक परिवेशको चित्रण गरिएको छ। त्यसक्रममा घमाइलो दिन र ढल्किदो साँझको मनमोहक पर्यावरणीय दृश्यको वर्णन गरिएको छ। यसको साथै पर्यटकीय आकर्षणको केन्द्रका रूपमा नौडाँडाको पर्यावरणलाई चिनाइएको छ। पर्यटकको आगमन र व्यापार व्यवसायको प्रवर्धनलाई उपन्यासमा आर्थिक पर्यावरणका रूपमा चित्रण गरिएको छ। खच्चड र गधाले भारी बोक्ने प्रचलन तथा केटाकेटीको नाङ्गोपनलाई पनि प्राकृतिक पर्यावरणका रूपमा समेटिएको छ।

पागल बस्ती उपन्यासमा स्वैरकाल्पनिक परिवेशका रूपमा पागल–बस्तीलाई लिइएको छ। त्यक्रममा उपन्यासकारले नौडाँडा नजिकैको प्राकृतिक परिवेशलाई काल्पनिक परिवेशका रूपमा चित्रण गरेका छन्। उपन्यासमा पागल–बस्तीमा प्रवेश गर्नु अगाडिको प्राकृतिक परिवेशलाई यसरी प्रस्तुत गरिएको छ :

> नौडाँडा बजारदेखि टाढा पश्चिमपट्टिको पहाडी भेक, अलिकति खोच परेको भूभाग, दक्षिणपट्टि फेवातालको नीलो सौन्दर्य बगलमा खोला एवम् खेतको अनुपम परिदृश्य । म कस्तो कस्तो दोधारे मनस्थिति बोकेर यो सम्पूर्ण परिवेश भोगिरहन्छु । टाढा टाढा क्षितिजहरूमा सन्ध्या ओर्लने तरखर देखिन्छ (पागल बस्ती, पृ. १३)।

यस साक्ष्यमा नौडाँडा बजारबाट पश्चिमपट्टि देखिने पहाडी भेकको प्राकृतिक सौन्दर्यको कलात्मक चित्रण गरिएको छ। त्यसक्रममा खोच परेका भूभागहरू, फेवातालको नीलो सौन्दर्य, त्यस आसपासका खोला, खेत र तिनको सौन्दर्य एवम् लेखकीय मनमा उत्पन्न सन्ध्याकालीन क्षितिजीय प्राकृतिक परिवेशको वर्णन गरिएको छ। यस बाहेक पनि उपन्यासमा प्रशस्त मात्रामा प्राकृतिक परिवेशका विषयमा चर्चा गरिएको छ। अतः प्राकृतिक परिवेशका दृष्टिले यो उपन्यास महत्त्वपूर्ण रहेको छ।

**पागल बस्ती उपन्यासमा दार्शनिक चिन्तन**

पागल–बस्ती उपन्यास दार्शनिक आदर्श र काल्पनिकतामा आधारित छ। यस उपन्यासको नायक प्रशान्त र नायिका मार्थाको माध्यमबाट उपन्यासकारले पागल–बस्तीलाई एउटा आदर्श मानवबस्तीका रूपमा परिचित गराएका छन्। उपन्यासमा वैचारिक मतभेद भए पनि अहङ्कार रहित जीवन सञ्चालनमा जोड दिइएकाले दार्शनिक चिन्तन गहन रूपमा प्रस्तुत भएको छ :

> "परम पूजनीय आदिमाता एवम् मेरा प्यारा पुत्रपुत्रीहरू" आदिगुरू प्रशान्त ओजस्वी गुरूवाणीमा सबैलाई सम्बोधन गर्छ – "मानवीय अहम्को प्रयोगात्मक विश्लेषण आनुभाविक परीक्षण र अन्तत बोधिज्ञानात्मक व्यवस्थापनको अहम्जन्य महत्त्वाकाङ्क्षा लिएर यस भूमिमा भेला भएका हामी विश्व नागरिक हौं। हाम्रै लागि भनेर कुनै सूर्य उदाउँदैन, न त कुनै चन्द्रमा अस्ताउँछ (पागल बस्ती, पृ. ५८)।

यस साक्ष्यमा पागल–बस्तीको निर्माता अर्थात् आदि गुरू प्रशान्तले आदिमाता मार्था लगायत सम्पूर्ण शिष्यहरूलाई सम्बोधन गर्ने क्रममा प्रस्तुत गरेको दार्शनिक चिन्तनलाई समावेश गरिएको छ। त्यसक्रममा मानवीय अहम्लाई नाश

गरी बोधिज्ञानको आर्जन गर्न आग्रह गरिएको छ। यसको साथै प्रकृति सबैको साझा भएकाले हाम्रै लागि मात्र भनेर सूर्य नउदाउँने र चन्द्रमा नअस्ताउने तर्क प्रस्तुत गरिएको छ। अतः उनको यो दार्शनिक विचार पर्यावरणीय सौन्दर्य अभिवृद्धिको कारक बनेर देखा परेको छ।

पागल बस्ती उपन्यासमा उपन्यासकार सरूभक्तले उपन्यासको नायक प्रशान्तको माध्यमबाट ज्ञान र ध्यानको कारणले मानिसमा दार्शनिक चिन्तन तथा वौद्धिक क्षमताको विकास भएको सन्दर्भलाई विशेष महत्वकासाथ प्रस्तुत गरेका छन् :

> "मेरा ज्ञानी शिष्यहरू अन्तर्मुखी ध्यान गरिरहेछन्।"– प्रशान्त विस्तारै ढोका ढम्काउँछ – "यो मानवीय अहम्काम आत्म प्रक्षेपण, आत्म अन्वेषण वा अन्तर्यात्रा हो, जहाँ यात्रीलाई कुनै पनि प्रकारको बौद्धिक र भावनात्मक निर्देशन दिइदैन। शिष्यहरू, जो मानवीय अहम्का ज्ञाता हुन्छन्, अन्तर्मुखी ध्यानको माध्यमले स्वअहमको अध्ययन गर्छन् – निरीक्षण, परीक्षण गर्छन् (पागल बस्ती, पृ. ११२)।

यस साक्ष्यमा उपन्यासको नायक प्रशान्तले शिष्यहरूको ध्यानलाई मानवीय अहम्को प्रक्षेपण वा अन्तर्यात्रा हो भनी दार्शनिक आदर्श प्रस्तुत गरेका छन्। त्यसक्रममा बौद्धिक र भावनात्मक निर्देशन र परीक्षण ध्यानको माध्यमबाट गर्न सकिने धारणा व्यक्त गरेका छन्। यसमा वैचारिक आदर्शयुक्त दार्शनिक पर्यावरणको प्रयोग गरिएको छ। अतः दार्शनिक पर्यावरणका दृष्टिले समेत पागल बस्ती उपन्यास महत्त्वपूर्ण रहेको छ।

**पागल बस्ती उपन्यासमा सांस्कृतिक पर्यावरण**

पागल बस्ती उपन्यासमा बस्ती भित्रका सामाजिक एवम् सांस्कृतिक परम्पराहरूलाई उच्च महत्त्वका साथ प्रस्तुत गरिएको छ। त्यसक्रममा मानिसको कर्मको प्रभाव तथा त्यसबाट प्राप्त फलका विषयमा प्रचलित सांस्कृतिक प्रभावको विषयमा चर्चा गरिएको छ :

> "पुत्रपुत्रीहरू आदिगुरूद्वारा यो बस्ती सत्य–सन्धानका लागि स्थापना भएको हो भन्ने कुरा सबैलाई थाहा छ। पूर्वजन्मका एकदिन, मानवीय सत्यको खोजी गर्दै तिमीहरूको आदिगुरू घरबाट निस्केको थियो, आफ्ना बा आमा, दाइभाइ, दिदीबहिनी, सबैलाई रूवाएर । त्यस बेला तिमीहरूको आदि गुरू अत्यन्त दुःखी थियो र अत्यन्त पीडित थियो (पागल बस्ती, पृ. १३६)।

यस साक्ष्यमा उपन्यासकी नायिका अर्थात् मार्थाले पागल–बस्ती भित्रको सामाजिक सांस्कृतिक पर्यावरणीय सन्दर्भको चर्चा गरेकी छन् । त्यसक्रममा मीथकीय प्रतिबिम्बको रूपमा पूर्वजन्म र परजन्मसम्बन्धी हाम्रो सामाजिक सांस्कृतिक प्रचलन र परम्परालाई प्रस्तुत गरिएको छ। यसबाट मानिसमा सकरात्मक कर्ममा लाग्ने उत्प्रेरणा प्राप्त भएको छ।

हाम्रा चाडपर्वहरू नेपाली समाजका सामाजिक तथा सांस्कृतिक पर्यावरणका प्रतिबिम्ब बनेर देखा परेका छन्। यसले सामाजिक एकता, विश्वास र स्वतन्त्रताको प्रतिनिधित्व गरेको सन्दर्भलाई पागल बस्ती उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> नेपालीहरूको बडादसैं समाप्त भएर यमपञ्चक अर्थात् तिहार आउँछ, गाउँघरमा र जान्छ। बस्तीका बासिन्दहरू टाढा टाढा गाउँघरमा भैलो, देउसुरे खेलेको, मादल बजाएर रातभरि गीत गाएको आवाज सन्छन्। बस्तीमा कुनै प्रकारको धार्मिक बन्धन हुँदैन तर त्यहाँ धार्मिक स्वतन्त्रताको उपभोग पनि कसैले गर्दैन (पृ. १४०)।

यस साक्ष्यमा नेपालीहरूको महान् पर्व वडा दसैं र तिहारको सन्दर्भलाई मुख्य परिवेश बनाइएको छ । त्यसक्रममा गाउँघरमा झिलिमिली छाएको, देउसी भैलोमा रमाएको, मादल बजाएर नाँचेको जस्ता सामाजिक सांकृतिक क्रियाकलापको विषयमा चर्चा गरिएको छ । यसरी वास्तविक मानव समाजमा मनाइने चाडपर्वहरूले पागल–बस्तीमा कुनै प्रभाव पार्न नसकेको कुरालाई समेत उपन्यासमा विशेष महत्वकासाथ प्रस्तुत गरिएको छ। उपन्यासमा यस्ता खालका धेरै विषयलाई समावेश गरिएको छ। यसबाट पागल बस्ती उपन्यास सामाजिक सांस्कृतिक पर्यावरणका दृष्टिले उपन्यास उपयुक्त रहेको स्पष्ट भएको छ।

**मानवीय सम्बन्ध र पर्यावरणीय सचेतता**

पागल–बस्ती उपन्यासमा उपन्यासकारले पर्यावरणीय सचेतता र मानवीय सम्बन्धलाई बलियो रूपमा स्थापित गरेका छन् । त्यसक्रममा पागल–बस्ती भित्रको उच्च मानवीय सहयोगको भावनालाई पर्यावरणीय दृष्टिकोणले मूल्याङ्कन गरेका छन् :

> घाइतेहरू पूर्ण रूपले निको नभएसम्म मार्था अन्तर्मनमा केही पश्चाताप र केही अपमानबोध गरिरहन्छिन् । एकातिर जमुनाको पीडा, अर्कोतिर प्रेममूर्ति सहित अन्य पुत्रहरूको पीडा – तिनी कता कता विभाजित हुन्छिन् । समय पनि विभाजित हुन्छ । प्रत्येक दिन बिहान र साँझपख तिनी घाइतेहरूको निरीक्षण गर्न आवासगृहहरूमा जान थाल्छिन् (पृ. १७४) ।

यस साक्ष्यमा पागल–बस्तीमा भएको सचेत मानवीय आक्रमणलाई अमानवीय व्यवहारको रूपमा चित्रण गरिएको छ। त्यसक्रममा घाइते भएका पागलहरूको सेवामा समर्पित मार्थाको उच्च मानवीय सेवा र सहयोगको भावनालाई महत्वकासाथ प्रस्तुत गरिएको छ। पागल बस्तीकी आदिमाता मार्फाले पागल बस्तीका घाइतेहरूको निरीक्षण गरेको तथा उनीहरूको उपचारमा देखाएको चासोलाई उपन्यासमा उच्च मानवीय सम्बन्धका रूपमा चर्चा गरिएको छ। यसको साथै आवास गृहहरूमा जान थालेको र अहोरात्र जमुनाको सेवामा समर्पित भएको कुरालाई पनि स्पष्ट पारिएको छ।

पागल बस्ती उपन्यासमा उपन्यासकार श्रेष्ठले पागल बस्तीको निर्माता प्रशान्त मार्फत् उच्च मानवीय भावना तथा पर्यावरणीय सचेतनाको भाव प्रकट गरेका छन्। त्यसक्रममा पागल बस्ती भित्रको समाज र बस्तीका मानिसहरूको व्यवहारलाई विशेष महत्वकासाथ प्रस्तुत गरिएको छ :

> आदि आरोग्यशालामा रोगीहरूलाई राख्ने व्यवस्था हुन्छ । यहाँ महारोग लागेका कोढीहरू मात्र हुन्छन् । आदि गुरूले बस्ती बसाउँदा कोढीहरूलाई विशेष स्थान दिनुको कारण हुन्छ – रूपाकृतिमा – आधारित मानवीय सम्बन्धलाई अस्वीकार गर्नु । अङ्गभङ्ग कोढीहरूको समीप बस्दा, उनीहरूको जीवन अवलोकन गर्दा र उनीहरूको सेवा गर्न खोज्दा जीवनका धेरै रहस्यहरू उद्घाटित हुन्छन्, यो गुरूको विचार हुन्छ (पागल बस्ती, पृ. ६८) ।

यस साक्ष्यमा पागल–बस्ती भित्र रहेको आदि आरोग्यशालामा रहेका रोगीहरूको सेवामा आदि गुरू प्रशान्त खटिएर उच्च मानवीय भावना प्रकट गरेको तथ्यलाई प्रस्तुत गरिएको छ । यसको साथै रूपजन्य मानवीय व्यवहारभन्दा सेवाजन्य मानवीय व्यवहार उच्च भएको विषयलाई सान्दर्भिक रूपमा चर्चा गरिएको छ। त्यसक्रममा प्रकृति र मानवीय सम्बन्धलाई बलियो रूपमा स्थापित गरिएको छ। यसबाट उच्च मानवीय सेवाको भावना तथा पर्यावरणीय सचेतनाको व्यवहारिक परिस्थितिको चित्रणका हिसाबले पागल–बस्ती उपन्यास उपयोगी रहेको स्पष्ट भएको छ।

## निष्कर्ष

पर्यावरणीय समालोचना प्राकृतिक चिन्तन प्रणालीमा आधारित नवीन समालोचना पद्धति हो। यसमा प्रकृतिलाई मुख्य केन्द्रमा राखेर कृतिको विवेचना गरिन्छ। साहित्यकार पर्यावरणीय पक्षप्रति कृति सचेत छ र उसले आफ्नो साहित्यिक कृतिमा पर्यावरणीय सचेतना र महत्वका विषयमा के कस्ता आवाजहरू उठाएको छ भन्ने कुराको खोजी यस समालोचना प्रणालीमा गरिन्छ । यस अध्ययनमा उपन्यासका सरू भक्तको पागलबस्ती उपन्यासको पर्यावरणीय दृष्टिकोणबाट मूल्याङ्कन गरिएको छ। त्यस क्रममा प्राकृतिक पर्यावरण, दार्शनिक चिन्तन, सामाजिक–सांस्कृतिक वातावरण र मानवीय सम्बन्धका आधारहरू पहिल्याउने प्रयास गरिएको छ । पागल–बस्ती उपन्यास स्वैरकाल्पनिक विषयमा आधारित रहेको छ । प्रयोगवादी उपन्यासकार सरूभक्त श्रेष्ठद्वारा लिखित यस उपन्यासा दार्शनिक चिन्तन र बौद्धिक आदर्श प्रस्तुत गरिएको छ। पागलहरूको बस्तीको माध्यमबाट सभ्य र विकसित समाजको परिकल्पना गरिएको छ । आदिगुरू र आदिमाता अर्थात् प्रशान्त र मार्थाका दार्शनिक विचार नै पागल–बस्तीको मुख्य आदर्शका रूपमा स्थापित भएको छ। मानवीय सेवा र सहयोगको भावना गहन रूपमा प्रस्तुत गरिएको छ । प्राकृतिक वातावरण, सामाजिक वातावरण, सांस्कृतिक प्रतिबिम्बन एवम् आर्थिक परिपाटीका विषयमा पनि उपन्यासमा चर्चा गरिएको छ । आदि शिक्षणशाला र आदि आरोग्यशालाको माध्यमबाट दार्शनिक चेतनाको सन्देश प्रवाह गरिएको छ। पर्यावरणीय साहित्य सालोचनाका दृष्टिले मूल्याङ्कन गर्दा पागल–बस्ती उपन्यास उपयुक्त खालको छ । यस उपन्यासमा प्राकृतिक पर्यावरणको रूपमा पोखरा आसपासको प्राकृतिक परिवेश एवम् पागल–बस्ती भित्रको परिवेशजन्य वातावरणको चित्रण गरिएको छ । दार्शनिक चिन्तनका रूपमा आदिगुरू निर्देशित विचारलाई उच्च प्राथमिकता दिइएको छ । सामाजिक सांस्कृतिक पर्यावरणका रूपमा पागल–बस्ती भित्रको सामाजिक सांस्कृतिक प्रचलन र परम्पराको चर्चा गरिएको छ। त्यस्तै उच्च मानवीय सम्बन्ध र सहयोगी व्यवहारलाई पनि पर्यावरणीय चिन्तका दृष्टिले प्रस्तुत गरिएको छ । अतः पर्यावरणीय महत्त्वका दृष्टिले पागल–बस्ती उपन्यास उपयोगी खालको छ।

## सन्दर्भग्रन्थ सूची

उप्रेती, सञ्जीव (२०६८), सिद्धान्तका कुरा, काठमाडौं : अक्षार क्रिएसन।

एटम, नेत्र (२०६१), समालोचनाको स्वरूप, ललितपुर : साझा प्रकाशन।

कुप, लरेन्स (२०००), दी ग्रिन स्टडिज रिडर फ्रम रोमान्टिसिजम टु इकोक्रिटिसिजम, लण्डन : रोटलेज पब्लिकेशन।

केरिज, रिचार्ड (२००६), इन्भारमेन्टालिजम एन्ड इकोक्रिटिसिजम लिटेररी, लण्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस।

ग्लोटफेल्टी, चेरिल (१९९६), एन्ड ह्यारोल्ड फ्रोम (सम्पा.), दी इकोक्रिटिसिजम रिडर : ल्यान्डमार्क्स इन लिटरेरी इकोलोजी, न्यूयोर्क : रोटलेज।

ग्रेग, गेरार्ड (२००४), इकोक्रिटिसिज्म, न्यूयोर्क : रोटलेज।

ग्रेरार्ड, ग्रेम (२०६४), इकोक्रिटिसिजम्, लन्डन यान्ड न्युयोर्क : रोजलेज टेलर यान्ण्ड फ्रान्सिस ग्रुप।

गौतम, कृष्ण (२०६४), उत्तरआधुनिक जिज्ञासा, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

गौतम, कृष्ण (२०६७), उत्तर आधुनिक संवाद, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन।

गौतम, लक्ष्मणप्रसाद (२०६८), उत्तरवर्ती नेपाली समालोचना : केही प्रतिरूप, काठमाडौं : पैरवी प्रकाशन।

पोखरेल, गोकुल (२०७२), नदी किनाराका माझी काव्य सङ्ग्रहमा पर्यावरण, अप्रकाशित दर्शनाचार्य शोध प्रबन्ध, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

बुएल, लरेन्स (२०००), "रिप्रिजेन्टिङ द इन्भारमेन्ट" द ग्रिन स्टडिज रिडर : फ्रम रोमान्टिसिज्म टु इकोक्रिटिसिज्म, सम्पा. लरेन्स कुप लन्डन एन्ड न्यूयोर्क : रोटलेज।

भट्टराई, गोविन्दराज (२०६१), आख्यानको उत्तर आधुनिक पर्यावलोकन, काठमाडौं : रत्न पुस्तक भण्डार।

भट्टराई, गोविन्दराज (२०६४), उत्तरआधुनिक विमर्श, काठमाडौं : ओरिएन्टल पब्लिकेशन हाउस।

भट्टराई, रमेश (२०७०), समय सौन्दर्य, पर्यावरण र कविता, काठमाडौं : विवेक सिर्जनशील प्रा.लि.।

सरूभक्त (२०४८), पागल–बस्ती, ललितपुर : साझा प्रकाशन।